मिति : २०८२/०५/२२

# सूचना

धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२ तथा धितोपत्र सूचीकरण सम्झौतामा उल्लिखित शर्त बमोजिम देहायका सूचना तथा जानकारीहरु **तोकिएको ढाँचा र समयमा तोकिएको माध्यम** (**NOTS Login**) बाट **नेपाल स्टक एक्सचेन्ज लि.(नेप्से) मा** उपलब्ध गराउन हुन **सम्पूर्ण सूचीकृत संगठित संस्थाहरु**को लागि यो सूचना जारी गरिएको छ ।

| क. सं | विवरणहरु | नेप्सेले उपलब्ध गराएको NOTS Login (तोकिएको माध्यम) मार्फत अनिवार्य बुझाउनु पर्ने अवधि | कैफियत |
|---|---|---|---|
| १. | लेखापरीक्षण भएको वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन । | आ.व.समाप्त भएको ५ महिना भित्र | |
| २. | प्रति शेयर आम्दानी, मूल्य आय अनुपात, प्रति शेयर खुद सम्पत्तिको मूल्य, प्रति शेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण सहितको त्रैमासिक प्रतिवेदन । | त्रैमास समाप्त भएको तीस दिन भित्र । | |
| ३. | धितोपत्रको दाखिल खारेज वन्द (Book Close) हुने सम्बन्धी सूचना । | दाखिल खारेज हुनु भन्दा कम्तिमा सात दिन अगाडि । | |
| ४. | धितोपत्रको मूल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सिर्जना भएमा । | सोही दिन वा भोलिपल्ट कारोबार खुल्नुअघि (१०:३० बजे भन्दा अगावै) त्यस्तो सूचना, जानकारी तथा निर्णय । | सम्बन्धित सूचीकृत संगठित संस्थाको वेभसाइट मार्फत समेत सार्वजनिक गर्नुपर्ने । |
| ५. | नगद लाभांश, बोनस शेयर, हकप्रद शेयर वा थप शेयर निष्कासन सम्बन्धी निर्णय भएमा । | सो निर्णय हुने बित्तिकै सञ्चालक समितिको बैठक बसेको समय समेत उल्लेख गरी उपलब्ध गराउनुपर्ने । | माथि उल्लेखित बुँदा नं ४ बमोजिमको सूचना जानकारीका साथ लाभाँश दिन लागिएको सम्बन्धित आर्थिक वर्ष तथा दाखिल खारेज बन्द मिति, अनुपात तथा शेयर कित्ता वा रकम समेत खुलाउनु पर्ने । |
| ६. | सूचीकृत धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने कुनै घटना वा कारोबार भएमा । | त्यस्तो विषयको सूचना तुरुन्त दिनुपर्ने । | |
| ७. | रु. दश करोड वा सोभन्दा माथिको सम्पत्ति खरिद वा बिक्री सम्बन्धी निर्णय । | सोको जानकारी दिनुपर्ने । | |
| ८. | सञ्चालक समिति, लेखा परीक्षण समिति, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, लेखा विभाग प्रमुख, लेखा परीक्षकमा हेरफेर भएमा | सोको जानकारी तुरुन्त दिनुपर्ने । | |
| ९. | दश करोड रुपैयाँ वा सो भन्दा माथिको दायित्व वहन गर्नुपर्ने संभावना भएको मुद्दा अदालतमा दायर भएमा । | सोको विवरण जानकारी गराउनुपर्ने | |

| | | | |
|---|---|---|---|
| १०. | सूचीकृत सामुहिक लगानी कोषको योजना व्यवस्थापकले योजनाको खुद सम्पत्ति मूल्य तथा लगानी सम्बन्धी अवस्थाको मासिक विवरण । | प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र नेप्सेमा पेश गर्नुपर्ने । | |
| ११. | सूचीकृत संगठित संस्थाको संचालक समितिले संस्था गाभ्ने गाभिने वा विलय हुने वा खरिद गरी लिने वा टुक्रिने निर्णय गरेमा । | त्यस्तो निर्णय गरेकै दिन वा भोलिपल्ट कारोबार शुरु हुनु अघि नेप्सेलाई जानकारी दिनुपर्ने । | |
| १२. | वार्षिक शुल्क बुझाउनु पर्ने । | आर्थिक वर्ष समाप्त भएको तीन महिना (असोज मसान्त) भित्र । | सूचीकरण विनियमावली, २०७५ को अनुसूची-३ बमोजिम वार्षिक शुल्क बुझाउनु पर्ने । |
| १३. | प्राकृतिक विपद्, आकस्मिक घटना, तालाबन्दी वा अन्य कुनै कारणले संगठित संस्थाको दैनिक काम कारवाही रोक्नु पर्ने भएमा । | सोको जानकारी यथासंभव छिटो माध्यमद्वारा दिनुपर्ने । | |
| १४. | संगठित संस्थाको व्यावसायिक प्रकृतिमा कुनै परिवर्तन गर्ने, त्यसको सबै वा आंशिक स्वामित्व बिक्री गर्ने वा अन्य कुनै संस्थाको बहुमत स्वामित्व खरिद गर्ने कुनै प्रस्ताव पारित भएमा । | सो सम्बन्धी निर्णय सहितको जानकारी तुरुन्त दिनुपर्ने । | |
| १५. | संगठित संस्थाले आफ्नो रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरेमा सो को जानकारी । | सोको जानकारी तुरुन्त दिनुपर्ने । | सरोकारवालाको लागि पत्र पत्रिकामा सूचना प्रकाशित गर्नुपर्ने । |
| १६. | एउटै व्यक्ति वा संस्थाले संगठित संस्थाको पाँच प्रतिशत वा सो भन्दा बढी हुने गरी शेयर लिएमा । | सोको जानकारी तुरुन्त दिनुपर्ने । | |
| १७. | संगठित संस्थाले कुनै संचालक वा अन्य कुनै व्यक्ति वा संस्थालाई नगदको सट्टा कुनै शेयर दिएको छ भने । | सोको जानकारी तुरुन्त दिनुपर्ने । | |
| १८. | संगठित संस्थाले वार्षिक साधारण सभा वा विशेष साधारण सभामा पेश गरिने वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा अन्य जानकारी विवरण र छलफलका विषय सूची । | अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने । | सो को जानकारी शेयरधनीलाई पनि उपलब्ध गराउनु पर्ने । |
| १९. | संगठित संस्थाले साधारण सभामा पेश भएका प्रस्ताव, छलफल भएका विषय तथा निर्णय सम्बन्धी विवरण । | साधारण सभा समाप्त भएको एक महिना भित्र उपलब्ध गराउनु पर्ने । | |

**Note : All the above information for NEPSE must be uploaded via NOTS Login which is already provided to the listed companies. No hard copy will be accepted.**

सूचीकरण शाखा
नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
भद्रकालि प्लाजा, काठमाडौं ।